# सहिदभूमि गाउँपालिका

## स्थानीय राजपत्र

सहिदभूमि गाउँपालिकाद्धारा प्रकाशित

खण्ड- ७) सहिदभूमि, मंसिर २० गते २०८१ साल, (संख्या-३

## भाग - २

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १०२ को उपदफा(१) बमोजिम सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सहिदभूमि गाउपलिका कर्मचारी तह वृद्धि कार्यविधि, २०८१**

प्रमाणीकरण र प्रकाशन मिति

2081/0८/२०

**सहिदभूमि गाउँपालिकाका कर्मचारीहरुको तह बृद्धि सम्बन्धमाव्यवस्था गर्न बनेको कार्यविधि, 2081**

1. **<u>प्रस्तावना</u>:**-स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, 2081 बमोजिम स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

   कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, 2081 को दफा 151 ले दिएको अधिकार प्रयोग गरी सहिदभूमि गाउँ कार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

2. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**:(1) यो कार्यविधीको नाम "सहिदभूमि गाउँपालिका कर्मचारी तहबृद्धि कार्यविधी, 2081" रहेको छ ।

   (2) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

3. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

   (क)"ऐन" भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, 2081 सम्झनु पर्छ ।

   (ख) "कर्मचारी" भन्नाले सहिदभूमि गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

   (ग)"मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशलाई सम्झनु पर्छ ।

   (घ)"कार्यालय" भन्नाले सहिदभूमि गाउँपालिका सम्झनु पर्छ ।

   (ङ) "गाउँपालिका" भन्नाले सहिदभूमि गाउँपालिका सम्झनु पर्छ ।

   (च)"गाउँ कार्यपालिका" भन्नाले सहिदभूमि गाउँ कार्यापालिका सम्झनु पर्छ ।

   (छ)"प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको लोक सेवा आयोगलाई सम्झनु पर्छ ।

   (ज)"परामर्श" भन्नाले कोशी प्रदेश लोक सेवा आयोगले दिएको परामर्शलाई सम्झनु पर्छ ।

   (झ) "तह बृद्धि" भन्नाले कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, 2080 को दफा 27 बमोजिम हुने तह बृद्धिलाई सम्झनु पर्छ ।

(ञ) "प्रदेश किताबखाना" भन्नाले कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशमा रहेको शाखालाई सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सहिदभूमि गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) "स्थानीय सरकारी सेवा" भन्नाले कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, 2080 को दफा 3 बमोजिम स्थानीय तहमा रहने सेवालाई सम्झनु पर्छ ।

(ड) "कार्यालय" भन्नाले सहिदभूमि गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

4. **सूचना प्रकाशन गर्ने**:(१) यो कार्यविधि बमोजिम सहिदभूमि गाउँ गाउँपालिकाको स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि गर्ने प्रयोजनका लागि कार्यालयले प्रत्येक वर्षको मंसिर 17 गते र जेठ 17 गते ३० दिनको म्याद राखी तह बृद्धिको दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(2) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पार्टी, वडा कार्यालयहरुको सूचना पार्टी र गाउँपालिकाको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

5. **निवेदन दिनु पर्ने**:तह वृद्धिका लागि योग्यता पुगेका ऐनको दफा २७ को उपदफा (१) बमोजिमका कर्मचारीले तह वृद्धिको सूचना प्रकाशन भएपछि देहायका कागजात संलग्न गरी अनुसूची - १ बमोजिमको फाराम भरी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछः-

(क) पछिल्लो तीन बर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन

(ख) नियुक्ति पत्रको प्रतिलिपि

(ग) सेवा अवधी पुष्टि गर्ने कर्मचारीको तह वृद्धि हुने पद भन्दा तल्लो तह वा पदमा नियुक्ति / बढुवा भएको पत्रको प्रतिलिपि,

(घ) स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि,

(ङ) गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारवाहीमा नपरेको तथा अध्ययन, असाधारण र वेतलबी बिदामा नबसेको स्वः घोषणा,

(च) पेसा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराएको प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र । ),

(छ)ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

6. **सिफारिस समिति**:(१) कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्ने देहाय वमोजिम तह वृद्धि सिफारिस समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको वरिष्ठ महिला कर्मचारी - सदस्य

(ग) कार्यपालिकाले तोकेको वरिष्ठ कर्मचारी - सदस्य

(2) तह वृद्धिका लागि सिफारिस भएका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतबाटतह वृद्धिका सिफारिस भएको सात दिन भित्र अनुसूची २ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिनु पर्नेछ ।

(3)उपदफा (2) बमोजिम तह बृद्धि कार्यान्वयन गर्ने प्रमुख प्रशासकीय अधिकृत नभएमातथा तह बृद्धि लिने कर्मचारीले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी निर्वाह गरिरहेको भएमा प्रमुख सचिवबाट तह वृद्धिका सिफारिस भएको सात दिन भित्र अनुसूची २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिनु पर्नेछ ।

7. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधी**:(१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्दा ऐनको दफा २7 बमोजिम तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा 5(पाँच) वर्षको सेवा अवधि पूरा भएको रपछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्यांकनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह बृद्धि गरिनेछ ।

(2) उपदफा (1) बमोजिम तह बृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन ।

8. **तह बृद्धि सम्बन्धी विशेष व्यवस्था**:(1) यस कार्यालयमा दरबन्दी भएका तर कोशी प्रदेश बाहिर कामकाजमा खटिएका कर्मचारीहरुको तह बृद्धि यस कार्यालयबाट हुनेछ ।

(2) यस कार्यालयबाट कोशी प्रदेश भित्रका अन्य स्थानीय तहमा खटिएका कर्मचारीहरुको दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह बृद्धि हुनेछ ।

9. **जेष्ठता कायम**:तह वृद्धि हुने कर्मचारीको तह वृद्धिका लागि सबै योग्यता पूरा गरेको मितिबाट ज्येष्ठता कायम हुनेछ ।

10. **बाधा अड्काउ फुकाउने:**(1) यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(2) यस कार्यविधीको दफा 6 बमोजिमको तह बृद्धि सिफारिस समितिलाई तह बृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा उत्पन्न भएको द्धिविधा सन्दर्भमा राय परामर्शका लागि ऐनको दफा 38 बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(3) उपदफा (2) बमोजिमको द्धिविधाको निर्णय ऐनको दफा 38 बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ ।

11. **<u>तह बृद्धि गर्न नहुने:</u>** यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कर्मचारी तह बृद्धिका लागि सम्भाव्य उम्मेद्धार हुन पाउने छैन र उक्त अवधिभर निजको तह बृद्धि रोक्का गरिनेछ:-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएकोस्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

12. **<u>तह बृद्धि गर्नु पर्ने:</u>**(1) कानून बमोजमि तह बृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह बृद्धिको लागि ऐनको दफा 27 को उपदफा (4) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको 7 (सात) दिन भित्र तह बृद्धिका लागि सिफारिस गरिसक्नु पर्नेछ ।

(2) उपदफा (1) बमोजिम सिफारिस प्राप्त भएको 7 (सात) दिन भित्र ऐनको दफा 27(3) बमोजिम कार्यपालिकाले निर्णय गरी अनुसूची - 2 बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिनु पर्नेछ ।

(3) उपदफा (2) बमोजिमको तह बृद्धिको निर्णय स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ।

(4) दफा (12) बमोजिम तह वृद्धि भएका स्थानीय सरकारी सेवाका कर्मचारीमध्येस्थानीय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा यस नियम बमोजिम तह वृद्धि भए तापनि त्यस्तो कर्मचारी जुन तहबाट तह वृद्धि भएको हो सोही तहको कामकाज गर्नु पर्ने व्यहोरा उल्लेख गरी तह वृद्धिको पत्र दिनु पर्नेछ ।

(5) उपदफा (2) बमोजिम तह वृद्धिको निर्णय गर्दा प्रत्येक वर्षको श्रावण महिनाको एक गते र माघ महिनाको एक गते देखि लागू हुने गरी गर्नु पर्नेछ ।

(6) ऐन र यस कार्यविधी बमोजिम साउन एक गतेदेखि लागू हुने गरी तह वृद्धि गर्दा कुनै कर्मचारीको असार मसान्तमा पाँच वर्ष सेवा अवधि पूरा भएमा कार्य सम्पादन मूल्याङ्कन बापतकोअङ्क गणना गर्दा सो वर्षको अङ्क समेत गणना गरी साउन एक गतेदेखि ज्येष्ठता कायम हुने गरी तह वृद्धि गर्नु पर्नेछ ।

13. **सार्वजानिक गर्ने:** तह बृद्धि भएका कर्मचारीहरुको विवरण कार्यालयको सूचना पाटी र वेबसाइटमा अनिवार्य प्रकाशन गर्नुपर्नेछ ।

14. **सचिवालय:** तह बृद्धि सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।
15. **जानकारी दिनु पर्ने:** यस कार्यविधी बमोजिम गरिएको तह बृद्धिको जानकारी निर्णय भएको मितिले 15 (पन्ध्र) दिनभित्र मन्त्रालय, प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग र निज कर्मचारीलाई नियुक्ति सिफारिस गर्ने निकायलाई दिनुपर्नेछ ।
16. **उजुरी/गुनासो:** ऐनको दफा 27 बमोजिम तह बृद्धि हुने पदहरुमा यस कार्यविधी बमोजिम भएको तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा कार्यविधीको दफा 12 को उपदफा (3) बमोजिम सूचना प्रकाशन भएको मितिले 15 (पन्ध्र) दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।
17. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधीमा उल्लेख भएको विषयमा कार्यविधी बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
18. **खारेजी र बचाउ:**(1) सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधी, 2080 खारेज गरिएको छ ।

    (2) उपदफा (1) मा उल्लिखित कार्यविधी बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

(दफा 5 सँग सम्बन्धित)

**तह बृद्धि निवेदन फारम**

सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा, कोशी प्रदेश

(**तह बृद्धि आवेदन फारम**)

1. सूचनाको विवरण :

| | |
|---|---|
| तह बृद्धिको सूचना नम्बर : | मिति: |
| तह बृद्धि हुने तह: | सेवा/समूह/उपसमूह: |

2. उम्मेद्धारको विवरण :

| |
|---|
| (क) कर्मचारी सङ्केत नम्बर : |
| (ख) उम्मेद्धारको नाम, थर (नेपालीमा): |
| (ग) उम्मेद्धारको नाम, थर (अंग्रेजीमा): |
| (घ) ठेगाना र सम्पर्क नम्बर: |
| (ङ) बाबुको नाम, थर: |
| (च) आमाको नाम, थर: |
| (छ) बाजे/बज्यैको नाम,थर: |
| (ज) पति/पत्नीको नाम, थर: |
| (झ) जन्म मिति : बि.सं. ई.सं. |
| (ञ) नागरिकता नम्बर: |
| (ट) राष्ट्रिय परिचयपत्र नम्बर: |
| (ठ) बहाल रहेको कार्यालयको नाम र ठेगाना: |
| (ड) सेवा/समूह/उपसमूह: |
| (ढ) पद: |
| (ण) तह: |
| (त) पेसासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाणपत्रको अवधी: |

3. हालको तहमा वा समायोजन हुनुभन्दा पहिलेको समान तहको पदमा तह वृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने सेवा अवधि:...........वर्ष, .........महिना, ..........दिन ।
4. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २7 बमोजिम तह वृद्धिको लागि योग्य भएको/नभएको:

   (क)हाल निलम्बनको अवधिमा रहेको / नरहेको:

   (ख) नसिहतको सजाय भएको भए एक वर्ष बितेको / नबितेको

(ग) हाल बढुवा रोक्का भएको/नभएकोः

(घ) हाल तलबवृद्धि रोक्का भएको/नभएकोः

(ङ) सेवा/समूह/उपसमूह परिवर्तन भएको/नभएकोः

(च) सेवा/समूह/उपसमूह परिवर्तन भएकोमा तीन बर्ष अवधी पुगेको/नपुगेको:

(छ) पेसासँग सम्बन्धित व्यवसायी परिषद्ले हाल निलम्बन गरेको/नगरेको:

5. पछिल्लोतीन बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेका कार्यालयहरुको विवरण:-

| क्र.सं. | कार्यालयको नाम | कार्यालयको ठेगाना | कैफियत |
|---|---|---|---|
| 1. | | | |
| 2. | | | |
| 3. | | | |

6. माथी उल्लिखित विवरणमा कुनै कुरा झुट्टा लेखिएको ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहिछाप गर्ने:

कर्मचारीको नाम थर
संकेत नम्बर:
पद:
तह:
दस्तखत:
मिति:

| ल्याप्चे सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

7. उपरोक्त व्यहोरा कार्यालयमा रहेको निजको रेकर्ड अनुसारको हो र यसमा निजले मेरो रोहवरमा सहीछाप गरेको हो भनी प्रमाणीत गर्ने अधिकृतको:

कर्मचारीको नाम थर
संकेत नम्बर:
पद:
तह:
दस्तखत:
मिति:

(दफा 12 को उपदफा (2) सँग सम्बन्धित)

**तह बृद्धि गरिएको पत्र**

(कार्यालयको लेटर प्याड)

मिति:

बिषय : **तह बृद्धि गरिएको ।**

महाशय,

यस कार्यालयको सूचना नम्बर ......../आर्थिक बर्ष ...... (तह बृद्धि), मिति .../..../... को प्रकाशित सूचना अनुसार सहिदभूमि गाउँ कार्यपालिकाको मिति .../.../... गतेको निर्णयानुसार मिति .../.../... देखि जेष्ठता कायम हुने तथा मिति .../.../...देखि गरी कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, 2080 को दफा 27 बमोजिम तपाईलाई देहाय अनुसार तह बृद्धि गरिएको छ ।

तह बृद्धि हुनुभएकोमा हार्दिक बधाई छ ।

| साबिकको: | तह बृद्धि गरिएको: |
|---|---|
| तह:<br>पद:<br>सेवा:<br>समूह/उपसमूह: | तह:<br>पद:<br>सेवा:<br>समूह/उपसमूह: |

श्री................
कर्मचारी संकेत नम्बर:
कार्यालय:

बोधार्थ:(आवश्यकता अनुसार)

1. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
2. श्री लोक सेवा आयोग, अनामनगर काठमाण्डौ ।
3. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर ।
4. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर ।
5. श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, बिराटनगर ।
6. श्री प्रदेश किताबखाना, कोशी प्रदेश, बिराटनगर ।
7. श्री कर्मचारी संचयकोष, ठमेल, काठमाण्डौ ।
8. श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।
9. श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, बिराटनगर ।
10. श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा ।
11. श्री आर्थिक प्रशासन शाखा, सहिदभूमि गाउँपालिका, धनकुटा ।

आज्ञाले :
नविन कार्की
प्रमुख प्रशासकीय अधिकृत